कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३२७ | वि.सं. २०८१ चैत ७ बिहिवार | नेपाल संवत: ११४४, चैत कृष्ण षष्ठी | Thursday 19 March 2025 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

विशेषको फैसलाविरुद्ध सर्वोच्च पुग्यो अख्तियार

# उपप्राध्यापक छनौंटमा तत्कालिन सहायक डीन र सहप्राध्यापकले भ्रष्टाचार गरेको जिकिर



**ओम शाही**
**सुर्खेत, ६ चैत ।**

मध्यपश्चिम विश्वविद्यालयका तत्कालीन सहायक डीन कमलेश डिसी र सहप्राध्यापक विनयकुमार दासविरुद्धको भ्रष्टाचार मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पुनरावेदन लिएर सर्वोच्च अदालत पुगेको छ। विशेष अदालतले गरेको फैसलामा चित्त नबुझ्ाई अख्तियारले बुधबार सर्वोच्चमा पुनरावेदन गरेको हो । करार उपप्राध्यापक छनोटमा डिसी र दासले भ्रष्टाचार गरेको दाबीसहित विशेष अदालतमा दायर मुद्दामा विशेष अदातबाट सफाइ पाएका थिए।

तत्कालीन मानविकी र सामाजिकशास्त्र संकाय डीनको कार्यालयबाट आंशिक तथा करार उपप्राध्यापक छनोटका क्रममा अंग्रेजी विषयको उत्तरपुस्तिका परीक्षणमा भ्रष्टाचार भएको भन्दै अख्तियारले विशेषमा मुद्दा दायर गरेको थियो। अंग्रेजी विषयका विषय विज्ञ मध्यपश्चिम विश्वविद्यालयका सहप्राध्यापक दासले

बाँकी ३ पेजमा

## यस्तो छ भ्रष्टाचार प्रकरणको नालिबेली

मध्यपश्चिम विश्वविद्यालय मानविकी र सामाजिकशास्त्र संकाय डीनको कार्यालयद्वारा १९ माघ २०७७ र ५ फागुन २०७७ मा आंशिक तथा करार उपप्राध्यापकहरूको पदपूर्ति गर्न विज्ञापन प्रकाशित भएको थियो । सोही बमोजिम २०७७ चैत ४, ५ र ६ गते लिखित परीक्षा र अन्तरवार्ता सञ्चालन गरिएको थियो ।

यसरी भएको परीक्षाको ६ चैत २०७७ मा नतिजा प्रकाशन भएको थियो । उक्त परीक्षाको उत्तरपुस्तिकामा डिसी र दासले कैफियत गरेको अख्तियारको अभियोग छ । 'सम्बन्धित विज्ञहरूले परीक्षण हेर्दा अंग्रेजी विषयतर्फ कोड नं इएनजी-१८०७७ को उत्तर पुस्तिकामा दिएको अङ्क पटक-पटक केरमेट गरी बढाएका कारण ३७ अङ्क देखिन्छ। जसमा एक नम्बर प्रश्नको उत्तरमा तीन पटक केरमेट गरी पहिलो पटक चार अङ्क, दोस्रो पटक तीन अङ्क, तेस्रो पटक स्पष्ट नभएको र चौथो पटकमा ६ अङ्क दिइएको देखिन्छ,' अख्तियारले सर्वोच्चमा दायर गरेको पुनरावेदनमा भनिएको छ।

उत्तरपुस्तिकामा पहिलो पटक दिएको अङ्कलाई कायम राखेको भए प्राप्ताङ्क ३४ मात्र हुने थियो । तर, कोड नम्बर इएनजी-१२०७७ को उत्तर पुस्तिकामा समेत पहिले दिएको अङ्कलाई पटक-पटक केरमेट गरी बढाउदै अङ्क संशोधन गरी प्राप्ताङ्क ३५ पुऱ्याइएको अख्तियारले दायर गरेको पुनरावेदनमा उल्लेख छ। जसमा तीन नम्बर प्रश्नको उत्तरमा पहिले तीन अङ्क दिएकोमा पछि केरमेट गरी चार अङ्क बनाइएको, १२ नम्बर प्रश्नको उत्तरमा पनि तीन अङ्क दिएर पुनः काटेर चार अङ्क बनाइएको डिसी र दासमाथि अभियोग छ।

त्यस्तै, ५ र ८ नंम्बर प्रश्नको उत्तरमा पनि ३-३ अङ्क दिएर सो अङ्कलाई काटी ४-४ अङ्क बनाउनमा डिसी र दास संलग्न

बाँकी ३ पेजमा

# लुम्बिनी प्रदेशमा एसईई २०८१ को तयारी पूरा

**सरला सुवेदी**
**बाँके, ६ चैत ।**

लुम्बिनी प्रदेशभर माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ को सम्पूर्ण तयारी पूरा भएको छ। बिहीबार बिहान ८ बजेबाट सुरु हुने परीक्षामा ९४ हजार ९०८ परीक्षार्थी सहभागी हुँदैछन् । परीक्षालाई व्यवस्थित बनाउन ३४८ परीक्षा केन्द्र तोकिएको छ भने ८ हजार ६०० कर्मचारी परिचालन गरिने भएका छन्। शिक्षा तथा सामाजिक विकास निर्देशनालयका निमित्त महानिर्देशक रेश्मीराज अर्यालका अनुसार परीक्षाको सम्पूर्ण तयारी पूरा भइसकेको छ। "अब विद्यार्थीहरू परीक्षा केन्द्रमा पुग्न र ढुक्क भएर परीक्षा दिन मात्रै बाँकी छ," उनले बताए।

रुपन्देहीमा सबैभन्दा धेरै २२ हजार ६२३ परीक्षार्थी रहेका छन् भने दाङ, बाँके, कपिलवस्तु, बर्दिया, पाल्पा, गुल्मी लगायतका जिल्लामा पनि हजारौं विद्यार्थी परीक्षा दिँदै छन् । परीक्षा निष्पक्ष र मर्यादित बनाउन ८ हजार ६०० कर्मचारी परिचालन गरिँदैछ। यसअन्तर्गत ३४८ केन्द्राध्यक्ष, ६३४ सहायक केन्द्राध्यक्ष, ४७५८ निरीक्षक, ९५८ सहायक र १९०२ कार्यालय सहयोगी खटाइने छन् । परीक्षा निष्पक्ष बनाउन शिक्षा निर्देशनालयले अनुगमन टोली पनि परिचालन गर्ने जनाएको छ।

त्यसैबीच, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले विद्यार्थीहरूलाई मनोबल उच्च राखी आत्मविश्वासका साथ परीक्षा दिन अपिल गर्नुभएको छ। परीक्षा जीवनको एउटा महत्वपूर्ण चरण भए पनि दबाब नलिई प्रस्तुत हुन उहाँले सुझाव दिनुभएको छ। साथै, प्रदेश सरकारले परीक्षा निष्पक्ष रूपमा सम्पन्न गर्न आवश्यक सम्पूर्ण व्यवस्था मिलाइसकेको समेत मुख्यमन्त्री आचार्यले जानकारी गराउनुभएको छ।

**४३ जना बालबिज्याइकर्ताले एसईई परीक्षा दिने**

बाँके जिल्लाबाट यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा १० हजार ४१६ विद्यार्थी सहभागी हुने भएका छन्। पछिल्ला वर्षहरूमा परीक्षार्थीको संख्या बढ्दै गएको शिक्षा विकास तथा समन्वय इकाई बाँकेका प्रमुख धनसुदन

बाँकी ३ पेजमा

# राष्ट्र बैंकले विद्यार्थीसँग वित्तीय सारक्षता सञ्चालन

**युग संवाददाता**
**सुर्खेत, ६ चैत ।**

ग्लोवल मनी विकको अवसरमा नेपाल राष्ट्र बैंक कर्णाली प्रादेशिक कार्यालय सुर्खेतले विद्यार्थीसँग वित्तीय शिक्षा, साक्षरता र सचेतना अभिबृद्धि कार्यक्रम गरेको छ । बुधबार सुर्खेत जिल्लाका तीन विद्यालयका ९० विद्यार्थी, वित्तीय संस्थाका प्रमुखहरुका बीचमा अभिबृद्धि कार्यक्रम गरेको हो।

देशमा उपलब्ध भएका बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त सेवा, सुविधा धेरैभन्दा धेरै नागरिकले उपयोग गरेको अवस्थामा प्रभावकारी मागमा वृद्धि हुने, छरिएको आयबाट बचत परिचालन गर्न सकिने, कर्जा तथा लगानी गरी आर्थिक क्रियाकलापलाई बृद्धिलगाएतका बिषयमा जानकारी दिन नेपाल राष्ट्र बैंकको कर्णाली प्रदेश कार्यालयले वित्तीय साक्षरता अभिबृद्धि कार्यक्रम गरेको जनाएको छ।

आम नागरिकहरु वित्तीय रुपले जति धेरै साक्षर हुन्छन् त्यति नै धेरै बैंकिङ सेवाबाट लाभान्वित हुन सक्ने भएकाले विद्यार्थीसँग वित्तीय शिक्षा, साक्षरता र सचेतना अभिबृद्धि कार्यक्रम गरेको नेपाल राष्ट्र बैंकको कर्णाली प्रदेश कार्यालयका प्रमुख राजनप्रसाद रेग्मीले बताए। 'आम नागरिकहरुलाई वित्तीय साक्षरताको माध्यमबाट वित्तीय सेवामा समावेश गर्दै वित्तीय पहुँच बढाउने सन्दर्भमा नेपाल राष्ट्र बैंकले विगत वर्षहरुदेखि नै वित्तीय साक्षरता सम्बन्धी सामग्री तयार गर्ने, वित्तीय साक्षरता सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ,' उनले भने,'विद्यार्थीलाई जागरुप बनाउदै विद्यार्थीहरुमार्फत आम नागरिक अविभावक र स्वंयम विद्यार्थीले वित्तीय साक्षतरता पाए अरुलाई सहज हुन्छ भनेर विद्यार्थीलाई लक्षित गरिएको हो।'

वित्तीय साक्षरता आज सबै स्तरका मानिसहरुलाई अत्यन्त आवश्यक देखिएको र यसले अहिले गर्ने लगानी यसको साक्षरता नागरिकको भविष्य पनि जोडिएकाले यसको सबैलाई जानकारी हुनुपर्ने कर्णाली प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाकातर्फ विद्यार्थीलाई प्रशिक्षण दिदैँ दिवाकर जोशीले बताए । 'उच्च शिक्षा हासिल गरेका ठूला ओहदाका मानिसमा समेत कतिपय वित्तीय कारोबारको पूर्ण ज्ञान नभएको स्थिति छ,' उनले

बाँकी ३ पेजमा

# भेरी अस्पतालमा आईसीयू, जलन वार्ड र सिकलसेल स्क्रिनिङ थपिने

**युग संवाददाता**
**बाँके, ६ चैत ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपालगन्जस्थित भेरी अस्पतालमा चैत महिनाभित्र तीन नयाँ सेवा थप्ने तयारी गरेको छ। मन्त्रालयले देशभरका १४ संघीय अस्पतालमा १८ वटा सेवा विस्तार गर्ने निर्णय अनुसार भेरी अस्पतालमा १० नयाँ आईसीयू शैया, जलन वार्डमा ६ शैया थप तथा सिकलसेल स्क्रिनिङ सेवा सञ्चालन गर्न लागिएको हो।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार १८ महिनाभित्रका शिशुहरूको सिकलसेल परीक्षण सेवा भेरी अस्पतालमा सञ्चालन गरिनेछ। यी सेवाहरू चैत्र महिनाभित्र सञ्चालनमा ल्याउने लक्ष्य रहेको उनले जानकारी दिए । स्वास्थ्य मन्त्रालयले देशभरका संघीय अस्पतालहरूमा सेवा विस्तार गर्दै जाने रणनीति बनाएको छ।

## पानीका स्रोतको संरक्षण गरौं ।

- वनसम्पदाको संरक्षण गरौं,
- खुला ठाउँमा वृक्षरोपण गरौं,
- इनार, कुवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
- भूमिगत पानीको दोहन नगरौं,
- पानीका स्रोतको संरक्षणवारे जनचेतना अभिवृद्धि गरौं,
- खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २000/- | रु. १८00/- |
| भित्री पृष्ठ | रु. १५00/- | रु. १२00/- |
| अन्तिम पृष्ठ | रु. १७00/- | रु. १५00/- |

### वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५00/- | रु. १५00/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७0/- |

ज्याकेट १ पेज रु. ८,00,000/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

विश्वभरी एकै पटक इ-पेपरका लागि

www.yugnews.com

facebook
https://www.facebook.com/yugnews

यहाँ स्क्यान गर्नुहोस् ।

Job Karnali
Find Your Dream Job
Jobkarnali.com

Tender Karnali
Tenderkarnali.com

ebazar
ebazar.com

GET IT ON Google Play

yugnews.com

## सम्पादकीय....

# अपराध न्यूनिकरणमा सचेत बनौं !

कर्णाली प्रदेशमा पछिल्ला वर्षहरुमा अपराधका घटनाहरु बृद्धि हुँदै गएका छन् । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांकलाई विश्लेषण गर्ने हो भने पछिल्ला वर्षहरुमा अपराधिक घटनाले बढवा पाउँदै गएको देखाउँछ । जसमा विगता चार वर्षमा कर्णालीमा ६ हजार तीन सय ८० अपराधका घटनाहरु भएका छन् । प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार आर्थिक वर्ष ०८१/०८२ को माघ महिनासम्ममा एक हजार ८९ वटा अपराधका घटना भए । आर्थिक वर्ष २०८०/०८१ मा दुई हजार २० वटा, आर्थिक वर्ष २०७९/०८० मा एक हजार सात सय ५७ वटा र आर्थिक वर्ष २०७८/०८९ मा एक हजार पाँच सय ४० वटा अपराधका घटना प्रहरीमा दर्ता भएको तथ्यांक छ। प्रदेश प्रहरीको तथ्याङ्क अनुसार आत्महत्या सम्बन्धी अपराधका घटना धेरै हुने गरेका छन् । पछिल्लो चार वर्षको अवधीमा कर्णाली प्रदेशका १० जिल्लामा एक हजार एक सय ९२ वटा आत्महत्याका घटना भएका छन् । प्रदेशमा घट्ने धेरै जसो अपराधका घटना आर्थिकसँग जोडिने गरेका छन् । पैसा छिटो कमाउने उद्देश्यले जानेर वा नजानेर अपराधका घटनाहरू हुने प्रहरीको तथ्यांक छ । प्रहरीको यो तथ्यांकले समाजको कुरुपता देखाउछ । समाजको स्थायित्व, शान्ति र समृद्धिको मुख्य आधार कानुनी शासन तथा नैतिक उत्तरदायित्व हो ।

तर, पछिल्लो समय अपराधका घटनाहरू दिन प्रतिदिन बढ्दै गएका छन् । चोरी, डकैती, हत्या, बलात्कार, ठगीजस्ता जघन्य अपराधहरू मात्र होइन, साइबर अपराध, लागुऔषध ओसार पसार, भ्रष्टाचार र सामाजिक हिंसाले पनि समाजलाई विकृत बनाइरहेको छ । यस्तो परिस्थितिमा अपराध न्यूनीकरण गर्नु हामी सबैको साझा जिम्मेवारी हो । अपराध न्यूनिकरणका लागि पहिलो र सबैभन्दा प्रभावकारी उपाय कानूनको कडाइपूर्ण कार्यान्वयन हो । यदि कानूनी व्यवस्था चुस्त र प्रभावकारी भएन भने अपराधीहरू दण्डहिनताको महसुस गर्छन्, जसले अपराधको वृद्धि गर्न प्रेरित गर्छ । अपराधीहरूलाई शीघ्र न्याय दिलाउने, अनुसन्धान प्रक्रियालाई प्रभावकारी बनाउने र भ्रष्टाचारमुक्त प्रशासनिक संयन्त्र निर्माण गर्ने कार्य गर्नुपर्ने आवश्यकता छ । त्यस्तै, अपराध नियन्त्रणमा समाज र परिवारको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ । अपराध न्यूनीकरणका लागि नैतिक शिक्षा, सामाजिक सचेतना र रोजगारका अवसरहरू सिर्जना गर्नु अपरिहार्य छ ।

गरिबी, अशिक्षा, बेरोजगारीजस्ता सामाजिक कारणहरू अपराध वृद्धि हुनुको मुख्य कारण हुन् । यदि युवा पुस्तालाई सीपमूलक तालिम, रोजगारका अवसरहरू तथा सकारात्मक क्रियाकलापहरूमा संलग्न गराइयो भने उनीहरू अपराधको बाटोबाट टाढा रहनेछन् । सुरक्षा निकायको सुदृढीकरण, प्रविधिको प्रभावकारी प्रयोग, सामुदायिक पुलिसिङ प्रणालीको विकास, साइबर सुरक्षा सचेतना तथा सामाजिक मूल्य-मान्यताप्रति बढ्दो प्रतिबद्धता अपराध न्यूनीकरणका लागि आवश्यक छन् । साथै, प्रत्येक नागरिकले कानूनको पालना गर्ने बानी बसाल्नु, शंकास्पद गतिविधिहरूको बारेमा सुरक्षा निकायलाई खबर गर्ने तथा सामाजिक सचेतना अभियानमा सक्रिय सहभागिता जनाउनु अनिवार्य छ । हामी सबैको साझा प्रयासबाट मात्र अपराधरहित समाजको निर्माण सम्भव छ । अतः अपराध न्यूनीकरणका लागि हामी सबै सचेत बनौं, कानूनी शासनको सम्मान गरौं, समाजका विकृति हटाउन जुटौं र सुरक्षित तथा समुन्नत भविष्यतर्फ उन्मुख होऔं ।

## विश्व

# युएसएड निलम्बन रोक्न मस्कलाई न्यायालयको आदेश




**वासिङ्टन डि सी, ६ चैत ।** एक संघीय न्यायाधीशले एलोन मस्क नेतृत्वको अमेरिकी 'डिपार्टमेन्ट अफ गभर्नमेन्ट एफिसियन्सी (डोज)' द्वारा प्रमुख अमेरिकी सहायता एजेन्सी बन्द गर्ने कार्य रोक्न आदेश दिएका छन् ।

अमेरिकी जिल्ला अदालतका न्यायाधीश थियोडोर चुआङले मस्क र डोजले अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएड) लाई विघटन गर्नुले अमेरिकी संविधानको धेरै किसिमले उल्लंघन गरेको हुन सक्ने बताएका छन् ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले संघीय सरकारको खर्च र रोजगारी कटौती गर्न अर्बपतिको कानुनी अधिकारलाई चुनौती दिँदै युएसएडका वर्तमान र पूर्वकर्मचारी र ठेकेदारहरूले दायर गरेको मुद्दाको जवाफमा चुआङले यस्तो आदेश दिएका हुन् ।

उनीहरूले अमेरिकी संविधानको 'नियुक्ति खण्ड'अन्तर्गत मस्कले आफ्नो अधिकार प्रयोग गर्न सिनेटको अनुमति पुष्टि गर्नुपर्ने तर्क गरेका छन् । न्यायाधीश चुआङले मस्कलाई सरकारमाथि अथाह शक्ति प्रयोग गर्न अनुमति दिने हो भने संविधानको 'नियुक्ति खण्ड'को करिब अन्त्यको ढोका खोल्ने र प्राविधिक औपचारिकताबाहेक अरू केही होइन भन्नेमा सीमित गर्ने बताए ।

चुआङले मस्क र डोजको कार्यले सन् १९६१ मा कंग्रेसले स्थापना गरेको युएसएडलाई कहिले र कसरी बन्द गर्ने भन्ने निर्णय गर्ने कंग्रेसको अधिकारको उल्लंघन गरेको औंल्याएका छन् । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले गत साता विश्वभर मानवीय सहायता वितरण गर्ने युएसएडका ८३ प्रतिशत कार्यक्रम रद्द गर्ने र करिब १२० देशमा स्वास्थ्य र आपतकालीन कार्यक्रम गर्ने बताएका थिए ।

अदालतको यो फैसला ट्रम्पको लागत कटौती र सरकारी कर्मचारी कटौती अभियानका लागि कानुनी झट्का हो । अर्का एक न्यायाधीशले हालै मस्कको डोजले बर्खास्त गरेका विभिन्न एजेन्सीमा कार्यरत हजारौं परीक्षण कालका कामदारलाई पुनः नियुक्त गर्न आदेश दिएका छन् ।

चुआङले इमेल र अन्य इलेक्ट्रोनिक प्रणालीमा पहुँच हालका युएसएड कर्मचारी र ठेकेदारहरूलाई पुनर्स्थापित गर्न आदेश दिएका छन् । उनले भने, 'अदालतले स्थायी रूपमा बन्द भएको कार्यालय युएसएडका कार्यवाहक प्रशासक वा संयुक्त राज्य अमेरिकाका अन्य आधिकारिक अधिकारीबाट खुलेको पुष्टि नगरे युएसएडलाई आफ्नो वासिङ्टन मुख्यालय पुनः नियन्त्रणमा लिन अनुमति दिइनुपर्छ ।'

# विश्वविद्यालयहरुमा प्रधानमन्त्री कुलपति हुँदाका लाभहानी



✍ **प्रकाश सिलवाल/रासस**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमा नियुक्त भएपछि २०८० फागुन २३ गते सुमना श्रेष्ठको पहिलो निर्णय थियो- 'मुलुकका ११ वटै विश्वविद्यालयका कुलपतिमा प्रधानमन्त्री र सहकुलपतिमा शिक्षामन्त्री पदेन रहने विद्यमान व्यवस्था हटाइ विज्ञहरूलाई राख्न सम्बन्धित कानुनमा संशोधन गर्ने' ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट सांसद भएदेखि श्रेष्ठले यस विषयलाई उठाउँदै आउनुभएकाले उक्त निर्णयमा पुग्न उहाँलाई कठिनाइ थिएन, तर राजकीय जिम्मेवारीमा रहेर निर्णय लिनु वा सहज कार्यान्वयन गर्नु र पदमा नहुँदा बोल्नुको भिन्नता छ। उहाँलाई राम्रैसँग अनुभूत भएको सार्वजनिक प्रतिक्रियाबाट बुझ्न सकिन्थ्यो ।

श्रेष्ठ मन्त्री हुनुभन्दा अगाडि पनि खासगरी विश्वविद्यालयहरुमा दलीय राजनीति हाबी भएको र त्यसो हुनुमा कुलपति,सहकुलपति जिम्मेवार हुन् भन्ने आशयका प्रश्न उठ्दै आएका थिए । कतिपय शिक्षाविद्ले अहिले पनि कुलपति र सहकुलपतिमा प्रधानमन्त्री र शिक्षामन्त्रीको व्यवस्था खारेज गर्न प्रस्ताव गर्दै आएका छन् । यस प्रस्तावमा उहाँहरुका कतिपय तर्क नाजायज छैनन्, भलै ती तिनै शिक्षाविद् हुन्, जसले राजतन्त्रात्मक व्यवस्थामा राजा कुलपति भएकाले गणतन्त्रपछि कुलपतिमा प्रधानमन्त्री र सहकुलपतिमा शिक्षामन्त्रीलाई राखिनुपर्ने सुझाव दिएका थिए ।

तत्कालीन शिक्षामन्त्री श्रेष्ठले 'नेपाली युवाहरुलाई स्वदेशमै सहजरुपमा गुणस्तरीय शिक्षा दिन र विश्वविद्यालयहरुमा अति राजनीतिकरण रोक्न विश्वविद्यालयका मौजुदा कानुनमा संशोधनको प्रारम्भिक काम गर्न' दिएको निर्देशन कार्यान्वयन नभइकन उहाँको कार्यकाल बित्यो । कानुन संशोधनको जटिल प्रक्रिया कुनै एक मन्त्रीको 'स्टन्टबाजी' निर्णय जस्तो अवश्य सहज हुँदैन । मन्त्री श्रेष्ठको उक्त निर्णय कार्यान्वयनमा नआउनुले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सहमत नरहेको मान्न सकिन्छ । मन्त्री श्रेष्ठले मन्त्रालयको ब्युरोक्रेसीबाट सहयोग नभएको गुनासो त्यसबेला नै सार्वजनिक गर्नुभएको थियो ।

मन्त्री श्रेष्ठले युवाहरु उच्चशिक्षका लागि किन विदेशमा जान्छन् भन्ने विषयमा सर्वेक्षण गरी नीतिगत निर्णय लिन र शिक्षा सुधारका लागि अन्य सवालमा मन्त्रालयका अधिकारीसँग बसेर प्राथमिकताका विषय तय गर्न थालेका प्रयास सकारात्मक थिए । प्रतिनिधिसभाको शिक्षा समितिमा विचाराधीन 'विद्यालय शिक्षा विधेयक, २०८०' माथिको छलफलले गति लिन नसकेका बेला ११ वटा विश्वविद्यालयका बेग्लाबेग्लै कानुन तिनमा कुलपति,सहकुलपतिको व्यवस्थामा मात्रै संशोधन हुन सम्भव थिएन । तत्कालीन सरकारले अत्यावश्यक देखेको भए केही नेपाल ऐन संशोधन विधेयक वा संसद् नभएका बेला अध्यादेशबाट पनि ती कानुन संशोधन गर्न सक्ने थियो तर त्यो आवश्यकता सरकारले देखेन । यसको अर्थ त्यो सरकारको प्राथमिकता कुलपति र सहकुलपतिको विद्यमान व्यवस्थामा परिवर्तन थिएन । चर्चाका लागि मन्त्रीबाट उक्त निर्णय भयो र विश्वविद्यालयमा 'मेरिटोक्रेसी' आफूले मात्रै लागु गरिएको सन्देश प्रवाह गरियो, विद्यालयका शिक्षकहरुलाई राजनीतिक आस्थाका आधारमा सेवाबाट बाहिरिन मनोवैज्ञानिक त्रास सृजना गरियो ।

विश्वविद्यालयबाहेक विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रधानमन्त्री कुलपति र स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री सहकुलपति रहने व्यवस्था छ । कुलपति र सहकुलपति प्रधानमन्त्री वा मन्त्री वा विज्ञमध्ये जो भए पनि मुख्य कुरा त्यस संस्थाको नीतिगत नेतृत्व र अभिभावकत्व हो । अन्तरमन्त्रालयगत विषयमा पनि विश्वविद्यलयहरुले काम गर्नुपर्ने हुँदा प्रधानमन्त्री र शिक्षामन्त्रीलाई कुलपति र सहकुलपतिमा पाएर त्यसको सही उपयोग गर्न सक्ने हो भने पदाधिकारीबीच समन्वय वृद्धि भई विश्वविद्यालयका काम सहजता आउनेछन् । त्यसको समग्र लाभ विद्यार्थी, प्राध्यापक, कर्मचारी र समग्रमा मुलुकले नै प्राप्त गर्नेछ । आपसी बेमेल, स्वार्थ र राजनीतिक तिकडमबाजी भएमा त्यसले संस्थालाई ओरालो यात्रामा लान्छ । विश्वविद्यालयका पदाधिकारीले कुलपति र सहकुलपतिलाई कसरी संस्थाको हितमा उपयोग गर्न सक्छन् भन्ने मात्रै हो ।

यहाँ दृष्टान्तका रुपमा मुलुकको ठुलो विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालयबारे केही चर्चा गरौं । त्रिविका उपकुलपति प्रा डा केशरजङ्ग बरालसहितका पदाधिकारीले आफ्ना प्रगति विवरण सार्वजनिक गर्न २०८१ वैशाख २५ गते कीर्तिपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमा 'हौसला बढ्ने' विश्वासका साथ तत्कालीन शिक्षामन्त्री सुमना श्रेष्ठलाई साक्षी राखेका थिए । यसलाई कसैले हस्तक्षेप मानेनन् । आफूलाई आवश्यक पर्दा पत्रकार सम्मेलनमा पनि सहकुलपतिलाई आमन्त्रण गर्ने र अरु कुरा मिल्दा हस्तक्षेप भएको नठान्ने, आफू अनुकूल नभएमा हस्तक्षेप ठान्ने बुझाइ र व्याख्या नौलो शृङ्खला होइन । त्रिविको पत्रकार सम्मेलनमा शिक्षामन्त्री श्रेष्ठले 'विश्वविद्यालयलाई सरकारबाट चाहिने सहयोग पूर्णरूपमा उपलब्ध हुन्छ । त्यसका लागि मन्त्रालयले गर्नुपर्ने काम गर्छ । क्याबिनेटबाट पास गराउनुपर्ने भए त्यो पनि गर्छ, संसद्मा लगेर पास गराउनुपर्ने भए त्यो पनि गर्न मन्त्रालय तयार छ' भनेर लोकप्रिय जवाफ दिनुभएको थियो । उहाँको कार्यकालमा के कति सुधार र सहयोग त्रिविलाई मिल्यो भन्ने परिणाम हालसम्म ठोसरुपमा देख्न सकिएको छैन । तर जसरी अहिले कुलपति र सहकुलपतिले वा वर्तमान सरकारले.विश्वविद्यालयमा हस्तक्षेप वा राजनीतिककरण गरेको छ भनेर संसद् र अन्य ठाउँमा कुरा उठाइन्छ, त्यो सत्य हो वा होइन त्यसको निरुपण गर्न आवश्यक हुन्छ, पहिला के भएको थियो त्यसको सिंहावलोकन गर्न बिर्सन हुँदैन ।

कुलपति भनेको सामान्यतः कुनै पनि विद्यालयको सञ्चालनका लागि 'सेरोमेनियल' प्रमुख हो, उसले संस्थाभित्र विश्वविद्यालयको लक्ष्य र निर्णयको प्रतिनिधित्व गर्छ र निर्णय कार्यान्वयनको कार्यकारी जिम्मेवारी उपकुलपति वा कार्यकारी व्यवस्थानको हुने गर्छ । विश्वविद्यालयमा कुलपतिका व्यवस्था विभिन्न मुलुक अनुसार आफ्ना-आफ्ना अनुभव र अभ्यासमा आधारित पनि हुन्छन् । छिमेकी भारतका कतिपय विश्वविद्यालयका राजनीतिक उच्च पदाधिकारी कुलपति छन् । दिल्ली विश्वविद्यालयमा उपराष्ट्रपति कुलपति रहने व्यवस्था छ भने कतिपय प्रान्तका विश्वविद्यालयमा प्रान्तका राज्यपाल कुलाधिपति रहने व्यवस्था छ । त्यसकारण कुलपतिमा राष्ट्रप्रमुख वा कार्यकारी प्रमुख वा प्राज्ञिक व्यक्तित्व रहने सबै अभ्यास आफैमा सही वा गलत भन्ने निष्कर्ष निकाल्न मिल्दैन ।

'कुलपतिमा प्रधानमन्त्री बस्ने बित्तिकै विश्वविद्यालयमा राजनीति छिर्छ' भन्ने कतिपय शिक्षाविद्को भनाइको पछाडि केही तर्क र अनुभवले काम गरेको होला तर समग्रमा सबै प्रधानमन्त्रीलाई त्यसरी लाञ्छित गर्नु विज्ञतामाथिको अन्याय हो । बौद्धिक बेइमानी हो । तिनैमध्येका कतिपय शिक्षाविद्हरु भन्दैछन्- 'शिक्षाविद् प्रा केदारभक्त माथेमाले त्रिभुवन विश्वविद्यालयको उपकुलपति हुँदा तत्कालीन प्रधानमन्त्री एवं कुलपति गिरिजाप्रसाद कोइरालाको हस्तक्षेप नमान्ने शर्तमा नियुक्ति लिनुभयो । त्यसो हो भने माथेकामा कार्यकालमा प्रधानमन्त्री कोइरालाबाट चाँही त्रिविमा हस्तक्षेप भएन भनेर किन भनिँदैन ? कुलपतिले त्यसरी सहजरुपमा उपकुलपतिलाई निर्वाध काम गर्न सघाउने भएकाले कुलपतिको प्रबन्धलाई निरन्तरता दिँदा विश्वविद्यालयलाई लाभ हुन्छ भनेर किन भनिँदैन ?

मुलुकमा प्रधानमन्त्री कुलपति रहेका ११ वटा विश्वविद्यालय र छ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठान छन् । वार्षिकरूपमा कम्तीमा दुई वटा सभा र एकपटक दीक्षान्त समारोह हुने हुँदा प्रधानमन्त्री (कुलपति) ले यिनका लागि मात्रै कम्तीमा ४१ दिन समय दिनुपर्छ । सिनेटको पूर्वसन्ध्यामा एजेण्डा तयारी, बैठकपछि माइन्युट प्रमाणीकरण, निर्णयपूर्व र कार्यान्वयनका क्रममा सरोकार भएका निकाय र पक्षका अन्य विषय जोडिँदा कुलपति र सहकुलपतिका थप समय व्यतीत हुन्छ ।

गत मङ्सिर २७ गते कीर्तिपुरमा भएको त्रिविको सिनेट बैठकमा प्रस्तुत कार्यसूचीमा पदाधिकारी र सिनेट सदस्यबीच विवाद भएपछि कुलपति एवं प्रधानमन्त्री केपी शर्मा ओलीले विस्तृत छलफल गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुस ७ गते अनौपचारिक सिनेट बैठक डाक्नुभयो । उक्त दिन करिब तीन घण्टा भएको छलफलमा विश्वविद्यालयका प्राध्यापक, कर्मचारी, विद्यार्थी, पब्लिक क्याम्पसलगायत क्षेत्रका प्रतिनिधिले क्षेत्रगत समस्या र समाधानका उपाय सुझाए । प्रधानमन्त्री ओलीले सबै क्षेत्रका समस्या र मागलाई समेटेर सरोकार भएका पक्षसँग थप छलफल गरी समाधानका उपायसहित निर्णय गर्नुपर्ने विषयहरु प्रस्तावका रुपमा ल्याउन पदाधिकारीलाई दिनुभएको निर्देशन अहिलेसम्म कार्यान्वयन भएको छैन । यसका लागि जिम्मेवार को ? विश्वविद्यालयका पदाधिकारीले आफै पनि समस्याको समाधान गर्न नसक्ने, पदाधिकारी र सरोकार भएका पक्षले निकासका लागि कुलपति र सहकुलपति गुहार्ने अनि फेरि हस्तक्षेप भयो भन्नु अशोभनीय कुरा हो ।

सिनेट सदस्यहरुले कुलपतिस्तरबाट त्यस प्रकारको अनौपचारिक बैठक पहिलो पटक राखिएको र आफ्ना कुराहरु खुलेर राख्न पाइएको बताएकामा धन्यवाद दिनुलाई हस्तक्षेपको नमूना मान्न कदापि सकिँदैन । सिनेट सदस्यका सुझाव सुनेपछि प्रधानमन्त्री ओलीले पर्याप्त गृहकार्य र एक प्रकारको सहमति गराएर औपचारिक बैठकमा प्रस्ताव ल्याउन आग्रह गर्नुका पछाडि कुलपतिको के स्वार्थ थियो ? सिनेट बैठकका छलफललाई बङ्ग्याएर कुलपतिलाई विवादमा तान्ने प्रयास सामाजिक सञ्जालमा हुँदा त्रिविको के हित भयो ? के सिनेटरहरु सार्वजनिक खपतका लागि प्रस्तुत भएर मात्रै समस्या समाधान हुन्छ ? अब प्रधानमन्त्री (कुलपति) ले त्यसको 'फलोअप' बारे प्रश्न गर्नुभयो भने हस्तक्षेप हुन्छ वा विश्वविद्यालयको हितको काम हुन्छ ?

वास्तवमा पदाधिकारीहरु मुख्य विषयमा केन्द्रित भएर लाग्ने हो भने न कुलपति न सहकुलपति कसैलाई पनि विश्वविद्यालयप्रति धेरै टाउको दुखाउने बाध्यता पर्दैन । कुलपति र सहकुलपतिले सरकारको शिक्षा नीतिबमोजिम स्वदेशमै गुणस्तरीय शिक्षा उपलब्ध भएको छ छैन ? शुल्क व्यवस्थापन र सुशासन सही छ छैन ? वार्षिक क्यालेण्डर पालना भएको छ छैन ? सरकारबाट हुनुपर्ने सहजीकरणमा कुनै कमी भएको छ कि ? त्यत्ति हेरे काफी हुन्छ ।

प्रधानमन्त्री ओलीले त्रिविको अनौपचारिक सिनेटमा आफूलाई विश्वविद्यालयबाट व्यक्तिगतरुपमा लिनुदिनु (लाभहानी) केही नभएको स्पष्ट गर्दै त्रिविको विकास, रक्षा, प्रवर्द्धन र प्रगति नै साझा चिन्तन हुने भएकाले यसको मर्यादा, गरिमा र साखलाई जोगाउन सबैलाई आग्रह गर्नुले कुलपति पद प्रधानमन्त्री वा विश्वविद्यालय कसका लागि बढी आवश्यक हो भन्ने स्पष्ट हुन्छ । "त्रिविको शैक्षिक क्यालेण्डर पालना हुनुपर्छ । अनौपचारिक बैठक भएपनि यसलाई निर्देशन नै मान्दा हुन्छ । विश्वविद्यालयमा पारदर्शीता हुनुपर्छ । मेरिटोक्रेसी कायम हुनुपर्छ । उत्कृष्ट भएकालाई उत्कृष्ट नम्बर दिइनुपर्छ । फेल भएकालाई फेल गराइनुपर्छ । मेरो भनाइ साँच्चैको मेरिटोक्रेसी होस् भन्ने हो । मलाई कुन डीनको कति मेरिटोक्रेसी छ मलाई थाहा छैन । को नियुक्त हुन्छ, त्यो मेरो रुचिको विषय होइन, मेरो रुचिको विषय यो विश्वविद्यालय सबल होस्, सक्षम जनशक्ति उत्पादन हुन् भन्ने हो । नियुक्तिहरुमा मेरो कुनै हस्तक्षेप हुँदैन । निर्णय गर्ने पदाधिकारीले हो, त्यसकारण सफलता र असफलताको जस तपाईँहरुले लिनुपर्छ । कुलपतिका हैसियतले राम्रो गर्नुस् भन्ने मात्रै मेरो चासो हो । यसलाई पनि हस्तक्षेप मानिए त आश्चर्यबाहेक अरु के मान्न सकिन्छ र ?" प्रधानमन्त्रीको यो भनाइले हस्तक्षेपलाई सङ्केत गर्छ ?

त्यसो त, आवश्यक कुरामा कुलपतिले समय-समयमा निर्देशन नदिने हो भने कुलपति नै रहेको केही सार रहन्न । यसबीचमा विभिन्न विश्वविद्यालयमा रिक्त पद छनोट समितिको सिफारिका आधारमा परिपूर्ति भएका छन् । उपकुलपतिले पद तथा गोपनीयताको सपथ लिने नयाँ व्यवस्था पनि गरिएको छ । लामो समयदेखि सिनेट हुन नसकेका मध्यपश्चिम विश्वविद्यालय र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायतका सभा सम्पन्न भएका छन् । कतिपयका सिनेट बैठकबाट त्यस संस्थामा भइरहेका बेथिति र समस्याका विषयमा नीतिगत एवं उच्चस्तरको मार्गदर्शन उपलब्ध भएको छ, जसले गर्दा सरकारका सम्बन्धित निकायसँग ती संस्थाको सम्बन्ध विस्तारमा पनि सहजता भएको छ । यद्यपि विश्वविद्यालयहरुले कुलपतिको पाउनुपर्ने जति समय नपाएर निर्णय कार्यान्वयनमा सहजता नभएको अनुभव गरिरहेको देखिन्छ ।

कुलपति र सहकुलपतिलाई बढी सक्रियता देखाउन भनिएको छ । चाहिएको समयमा सँधै हाजिर हुने वा नचाहिएको समयमा पनि कार्यकारी पदाधिकारीलाई खै गर्ने कुलपति खोजिएको पक्कै होइन तर उलकुलपति र पदाधिकारीहरु

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८
**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५
**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१
**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष**: नयाँ कार्य हात लाग्नेछ । साझेदारी व्यापारबाट लाभ रहनेछ । मित्रता वा प्रेमको बन्धन कसिनेछ । व्यापार व्यवसायमा घरपरिवारबाट सहयोग मिल्नेछ ।

**वृष**: कार्यक्षेत्रमा शुभचिन्तकहरूको सहयोग मिल्नेछ । अनावश्यक खर्चले आर्थिक पक्ष कमजोर रहनेछ । कृषि वा पशुपालनबाट राम्रो आय आर्जन गर्न सकिनेछ ।

**मिथुन**: विद्यार्थीहरूलाई अध्ययन र लेखनमा सफलता मिल्नेछ । प्रशासनिक वा राजकीय क्षेत्रमा कार्य सम्पादनमा विलम्ब हुनेछ ।

**कर्कट**: कार्यक्षेत्रमा कार्यसम्पादनको लागि संघर्ष गर्नुपर्ला । व्यापार व्यवसायमा आफन्तहरूबाट सोचेजस्तो सहयोग नमिल्ला ।

**सिंह**: प्रतियोगी परीक्षामा विजय भइनेछ । कार्यक्षेत्रमा रोकिएको काम बन्नाले नयाँ कार्यतर्फ अग्रसर भइनेछ । मेहनतीहरूको लागि निकै उत्साहबर्धक समय रहेको

**कन्या**: कार्यक्षेत्रमा बोलीको प्रभावले कार्य सिद्ध गर्न सकिनेछ । पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । आफ्नो कार्यहरु अरुको विश्वासमा नछोड्नुहोस् ।

**तुला**: समाजमा मानसम्मान बढ्नेछ । राजनीतिक क्षेत्रमा प्रभाव बढ्नुको साथै नयाँ पदभार सम्हाल्नु पर्ला । विद्यार्थीहरूलाई पठन पाठनमा मन लाग्नेछ ।

**वृश्चिक**: व्यापार व्यवसायमा कानुन विपरीत कार्य नगर्नुहोला । सवारी साधनमा धन खर्चका योग छन् । पौष्टिक भोजनको सेवन गर्नुहोस् ।

**धनु**: मेहनतले सजिलै लक्ष्य प्राप्त गर्न सकिनेछ । शैक्षिक प्रतिस्पर्धामा अग्रस्थान हासिल होला । नयाँ योजनाहरू सार्वजनिक गर्नुभन्दा अघि सोचविचार गर्नुहोस् ।

**मकर**: अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछाडि परिनेछ । पिताको सहयोगले कार्य बन्नेछ । व्यापार व्यवसायमा श्रमको उचित मूल्यांकन मिल्नेछ ।

**कुम्भ**: कार्यक्षेत्रमा चुनौतीपूर्ण कार्य निर्वहन गर्नुपर्ला । व्यापार व्यवसायमा इष्टमित्रहरूको सहयोग मिल्नेछ । धर्मकर्ममा मन लाग्नेछ ।

**मीन**: आत्मविश्वासमा वृद्धि हुनेछ । वैदेशिक रोजगारका नयाँ अवसरहरू प्राप्त हुनेछन् । विद्यार्थीहरुलाई उच्च शिक्षाको क्षेत्रमा नयाँ अवसर मिल्नेछ ।

## लुम्बिनी....

चौलागाईंले जानकारी दिए ।

विहिबारदेखि सुरु हुने परीक्षामा जिल्लाका ८ वटा पालिकाका २०६ विद्यालयका विद्यार्थीहरू सहभागी हुनेछन् । तीमध्ये पाँच हजार १७९ छात्रा र पाँच हजार २३७ छात्र छन् । जिल्लाका दुई बालसुधार गृहका ४३ जना बाल बिज्याइँकर्ताले पनि परीक्षा दिने भएका छन् । यस वर्ष १० वटा सामुदायिक विद्यालयका ३७४ जना प्राविधिक धारका विद्यार्थी पनि सहभागी हुनेछन् । परीक्षाका लागि नेपालगन्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, राप्तीसोनारी, बैजनाथ, खजुरा, नरैनापुर, डुडुवा, र जानकी गाउँपालिकासहित ३६ परीक्षा केन्द्र तोकिएको छ ।

## राष्ट्र...

भने,'त्यसैले तपाईहरुले अहिले हासिल गर्ने ज्ञानले भविष्य बन्न सक्छ ।'

उपयुक्त वित्तीय शिक्षाको अभावमा उचित निर्णय लिन नसक्दा गम्भीर आर्थिक दुर्घटना भएका र ठूलो वित्तीय क्षति समेत व्यहोर्नुपर्ने, समाजमा नकारात्मक असर पर्ने अवस्था पनि देखिएको नेपाल राष्ट्र बैंकका कर्णाली प्रदेश कार्यालय सुर्खेतका सहायक निर्देशक चिनिया लामाले बताए । 'मानिसहरुको उमेर समूह, शैक्षिक योग्यता, आर्थिक अवस्था आदिका कारण विभिन्न वर्गका मानिसहरुका लागि फरक फरक वित्तीय शिक्षा आवश्यक रहेको छ,' उनले भने,'तपाईहरुले यहाँ सिकेको ज्ञानलाई आम नागरिकको पुऱ्याएर सचेत गराउन जरुरी रहेको छ ।'

बीमाले जोखिम न्यूनिकरणमा सहजीकरणको काम गर्ने विपद् जुनसुकै बेला आउने भएकाले बीमा सम्बन्धि साक्षरता आवश्यक रहेको नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश प्रमुख निलप्रसाद लामिछानेले बताए । 'बीमाले गरिबीलाई माथि उठाउँछ,' उनले भने,'कर्णालीमा गरिबी रहेको छ । यसलाई माथि उठाउनका लागि यहाँका आम नागरिक बीमा गरिनुपर्छ ।'

वित्तीय लक्ष्य निर्धारण गर्न, बचत, ऋण, जोखिमबाट बच्न, बचतको प्रयोग, बीमा तथा समग्र रुपमा वित्तीय व्यवस्थापन बारे जानकारी दिन आवश्यक रहेको नेपाल बैंकर्स संघ कर्णाली च्याप्टरका संयोजक डा.सुरोज टण्डनले बताए । 'वित्तीय साक्षरता दिनु अहिले पहिलो काम हो,' उनले भने,'यसले भविष्यमा वित्तीय व्यवस्थापन सम्बन्धी निर्णय कसरी गर्ने भन्ने बारेमा सहयोग गर्नेछ।'

आफुहरुले विद्यालयस्तरमा वित्तिय साक्षरताका बिषयमा अध्यायन गराउँदै आएको र यहाँ वित्तीय साक्षरता लिएका विद्यार्थीलाई विद्यालयस्तरमा अरु विद्यार्थी साक्षरता सिकाउन लगाउने श्री जननमूना माध्यमिक विद्यालय वीरेन्द्रनगर-६ सुर्खेतका प्रधानाध्यापक यामबहादुर श्रेष्ठले बताए । कार्यक्रममा विद्यार्थीलाई बजेट निर्माण गर्ने, आम्दानी र खर्चको विवरण तयार गर्ने, बचत गर्ने तथा ऋण लिने प्रक्रिया र बीमाका बारेमा जानकारी गराइएको थियो ।

# 'सुपर जोन र जोन कार्यक्रम'ले उत्पादन बढायो

**सिद्धराज भट्ट/रासस**
**कैलाली, ६ चैत ।**

कैलालीमा गहुँको सुपर जोन र चैते धानको जोन कार्यक्रमले उत्पादन बढाएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सञ्चालित सुपर जोन र जोन कार्यक्रमले गहुँ र चैते धानको उत्पादन बढाएको हो । खेतमा फष्टाएको गहुँ बाली देखेर कैलारी गाउँपालिका-५ का किसान दीपक चौधरी खुशी छन् । दीपकसहित यहाँका किसानले 'सुपर जोन' कार्यक्रममार्फत गहुँखेती गरिरहेका छन् ।

"सुपर जोन कार्यक्रममा समेटिएपछि पहिलेभन्दा गहुँको उत्पादकत्व वृद्धि भएको छ। करिब १५ बिघा जग्गा भाडामा लिएर गहुँखेती गरिरहेको छु", चौधरीले भने, "पहिले प्रतिबिघा १२-१३ क्विन्टल गहुँ फल्नेमा सुपर जोन कार्यक्रममा समेटिएपछि २० क्विन्टलसम्म फल्न थालेको छ ।"

भजनी नगरपालिका-३ ढुसी गाउँका सीताराम चौधरी धानबालीमा सञ्चालित जोन कार्यक्रममार्फत चैते धानखेती गरिरहनु भएको छ। यहाँका किसानले करिब पाँच सय बिघामा यो धान रोप्ने तयारी गरिरहेका छन् । "सुरुका वर्षमा आफूले बीउ ल्याएर चैते धान रोप्दा गाउँलेले आफूलाई चैतमा पनि धान रोपेको भन्दै बौलाएको भन्थे । अहिले यहाँका अधिकांश किसानले यसको खेती गर्न थालेका छन्", सीतारामले भने, "वैशाख र जेठमा चैते धानलाई मौसम अनुकूल हुने भएकाले वर्षे धानको तुलनामा उत्पादन बढी हुने गरेको छ ।" प्रतिबिघामा ४५ क्विन्टलसम्म चैते धान फल्ने अनुभव सुनाउँदै उनले गहुँको सुपर जोन र चैते धानको जोन कार्यक्रमले उत्पादन वृद्धि भएको बताए ।

भजनी क्षेत्रमा काँडा, पथरैया र कान्द्रा नदीले वर्षायाममा निम्त्याउने डुबानका कारण वर्षे धानबाली नष्ट हुने गरेको किसान बताउँछन् । डुबानको समस्या बढ्दै जान थालेपछि यहाँका किसानले विकल्पका रूपमा चैते धानखेती गर्न थालेका हुन् । "वर्षामा खेतमा डुङ्गा चलाउन मिल्ने गरी हुने डुबानको समस्याले वर्षे धान बाली नष्ट हुने गरेको छ", सीतारामले भने, "वर्षामा हुने धानखेतीको विकल्पमा अधिकांश किसानले चैते धान लगाउन थालेका छन् ।" किसानले डुबान नहुने समयमा चैते धानखेती गर्न थालेका बताउँदै उनले जोन कार्यक्रम सञ्चालन भएपछि किसान थप उत्साहित भएका उनको भनाइ छ। आर्थिक वर्ष २०७८/७९ देखि जिल्लामा चैते धानको जोन कार्यक्रम सुरु भएको थियो। भजनी नगरपालिकाभित्र सुरुमा पाँच सय हेक्टरमा खेती गरिएकामा हाल यसको क्षेत्रफल विस्तार गरी एक हजार हेक्टर पुऱ्याइएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यालयले जनाएको छ। परियोजना कार्यान्वयन इकाई धनगढीका प्रमुख गोविन्दराज जोशीले भजनी नगर क्षेत्र, जोशीपुर र जानकीनगर गाउँपालिकामा चैते धानअन्तर्गत 'जोन कार्यक्रम' कार्यान्वयन भइरहेको जानकारी दिए । उनका अनुसार गौरीगङ्गा, भजनी र घोडाघोडी नगरपालिका, बर्दगोरिया, जोशीपुर र जानकीनगर गाउँपालिकामा गहुँ बालीको 'सुपर जोन कार्यक्रम' सञ्चालन भइरहेको छ।

गहुँ बालीको कार्यक्रमअन्तर्गत सुरुका वर्षमा एक हजार हेक्टर क्षेत्रफलमा खेती गरिएकामा हाल क्षेत्रफल विस्तार गरी तीन हजार हेक्टर पुऱ्याइएको जनाउँदै जोशीले जिल्लाको घोडाघोडी, भजनी नगरपालिका र बर्दगोरिया, जानकीनगर गाउँपालिकामा तेलहन जातको खेती भइरहेको उल्लेख गरे।

चालु आवदेखि धनगढी उपमहानगर क्षेत्रका साथै घोडाघोडी, भजनी र कैलारी गाउँपालिका क्षेत्रमा 'माछा जोन' कार्यक्रम कार्यान्वयन गरिएको इकाई प्रमुख जोशीले जानकारी दिए । उनका अनुसार यो कार्यक्रमअन्तर्गत माछापालनमा सहभागी किसानलाई प्राकृतिक तालतलैयाको सुधार, आधुनिक यन्त्र तथा उपकरणको सुविधा, नयाँ पोखरी निर्माण, प्रविधिको व्यवस्थालगायत सहयोग उपलब्ध गराउँदै आइएको छ।

कृषक समूह, सहकारी संस्था र कृषि उद्यमीमार्फत् सञ्चालन भइरहेको सुपर जोन र जोन कार्यक्रम कार्यान्वयनका लागि परियोजना कार्यालयले उन्नत जातका बीउ, मलखाद, सिँचाइ, कृषियन्त्र, माटो परीक्षण, प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनलगायत सहयोग गरिरहेको प्रमुख जोशीले बताए। "सुपर जोन र जोन कार्यक्रम कार्यान्वयनसँगै पहिलेको भन्दा बालीको उत्पादकत्व पनि वृद्धि भएको छ", उनले भने "बालीका लागि उर्बर मानिने जग्गामा ती कार्यक्रम सञ्चालनका लागि छनोट गरी खेती गर्न किसानलाई उन्नत जातका बीउ, सिँचाइ, यन्त्रलगायत प्रविधिमा सहयोग उपलब्ध गराइरहेका छौं ।"

## उपप्राध्यापक....

उत्तरपुस्तिका परीक्षणमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको दाविसहित विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

त्यस्तै, परीक्षा समितिका संयोजक एवं विश्वविद्यालयअन्तर्गतको मानविकी र सामाजिक शास्त्र संकायका सहायक डिन डिसीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको दाबीसहितको मुद्दा विशेष अदालतमा दर्ता भएको थियो। तर, विशेष अदालतले डिसी र दासलाई सफाइ दिएपछि अख्तियारले बुधबार सर्वोच्चमा पुनरावेदन गरेको हो । विशेष अदालतले आरोप पुष्टि नहुने भन्दै २५ माघ २०८० को फैसलाबाट डिसी र दासलाई सफाइ दिएको थियो ।

सोही फैसलाउपर आयोगको चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको आयोग प्रवक्ता राजेन्द्र कुमार पौडेलले जानकारी दिए । उक्त मुद्दामा विशेष अदालत काठमाडौँबाट फैसला हुँदा प्रतिवादीहरू दास र डिसीलाई आरोपदावीबाट सफाइ पाउने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेको अख्तियारको जिकिर छ।

## यस्तो....

रहेको अख्तियारको दाबी छ। उक्त उत्तरपुस्तिकामा पहिलोपटक दिएको अङ्कलाई कायम राखेको भए प्राप्ताङ्क ३१ अङ्क हुने थियो । तर, केरमेट गरी संशोधन गरेपश्चात् ३५ अङ्क पुऱ्याइएको अख्तियारको दाबी छ। कोड नं १५०७७ को उत्तरपुस्तिकामा पहिले दिएको अङ्कलाई केरमेट गरी घटाउदै संशोधन गरी ३३ अङ्क पुऱ्याउनमा डिसी र दासले भुमिका खेलेका थिए। त्यस्तै, प्रश्न नं ५ को उत्तरमा पहिले ३१ अङ्क दिएकोमा एक केरमेट गरी तीन अङ्क बनाइएको, नौ नं प्रश्नको उत्तरमा पहिले चार अङ्क दिई पछि तीन अङ्क बनाएको अभियोग उनीहरूमाथी छ ।

उनीहरूकै छलकपटले उत्तर पुस्तिकामा पहिलो पटक दिएको अङ्कलाई कायम राखेको भए प्राप्ताङ्क ३५ पुगी उत्तीर्ण हुने अवस्थाको अन्त्य गरिएको अख्तियारले जनाएको छ । यस्तै, कोड नं इएनजी-२०७७, इएनजी-१२०७७, इएनजी-१००७७ र इएनजी-१८०७७ को उत्तरपुस्तिकामा सङ्केत जनिने गरी देब्रेपट्टि माथिल्लो कुनामा उम्मेदवारको सिम्बोल नम्बर लेखी केरमेट गरिएको अख्तियारले जनाएको छ ।

यस कार्यमा सहप्राध्यापक दासले गरेको भनि शिक्षक छनौंट समितिका संयोजक डिसीले अख्तियारमा बयान दिएका थिए । डिसीको बयानअनुसार दासले पनि स्वीकार समेत गरेको तथ्यलाई अन्देखा गरी विशेषबाट भएको फैसला त्रुटिपूर्ण रहेको अख्तियारको पुनरावेदनमा उल्लेख छ। कार्यालयबाट आंशिक तथा करार उपप्राध्यापकहरूको गर्दा सहप्राध्यापक दासले उत्तरपुस्तिका जाँच गर्ने क्रममा अङ्क प्रदान गर्दा अनुत्तीर्ण हुने प्रकृतिको उम्मेद्वारलाई पटक पटक अङ्क केरमेट गरी बढाई उत्तीर्ण गराएको र उत्तीर्ण हुने प्रकृतिको उम्मेदवारको उत्तर पुस्तिकामा दिएको अङ्कलाई पटक-पटक केरमेट गरी घटाएर अनुत्तीर्ण गराएका थिए । उत्तरपुस्तिकामा पहिले दिएको अङ्क केरमेट गरी घटाई अनुत्तीर्ण (उत्तीर्णलाई अनुत्तीर्ण र अनुत्तीर्णलाई उत्तीर्ण) गराउन बदनियतपूर्वक कार्य गरेको र उत्तीर्ण हुन सक्नेलाई वैकल्पिक उम्मेदवार बनाई परीक्षाको परिणामलाई फेरबदल गरी भ्रष्टाचार गरेको अख्तियारको जिकिर छ।

परीक्षा समितिका संयोजक डिसीले अंग्रेजी विषयको छानबिन बोर्डको तर्फबाट उत्तरपुस्तिका संपरीक्षणको जिम्मेवारी प्राप्त भएकोमा विज्ञबाट पटक-पटक दिएको अङ्क केरमेट गरी संशोधन गरिएको अनदेखा गरी स्वीकार गरेका थिए। उत्तरपुस्तिका संपरीक्षण गर्दा विज्ञबाट बदनियत साथ भएको अङ्क थपघटमा गैर कानुनी कार्यलाई समर्थन जनाई विश्वविद्यालय जस्तो प्राज्ञिक संस्थाको गरिमा र गुणलाई समेत आँच आउने कार्य गरी भ्रष्टाचार गरेको पुष्टि हुँदा हुँदै सहायक डीन डिसीलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण रहेको अख्तियारले सर्वोच्चमा दायर गरेको अभियोग पत्रमा उल्लेख छ । अख्तियारले दायर गरेको पुनरावेदनमा अभियुक्तहरूले गरेका कसुर बमोजिमको सजाय हुनुपर्ने माग गरिएको छ।

# कर्णालीका ३७ हजार विद्यार्थी एसईईमा सहभागी हुँदै

**युग संवाददाता**
**सुर्खेत, ६ चैत ।**

माध्यमिक शिक्षा परीक्षा (एसईई) बिहिबार (आज) बाट सुरु हुँदैछ। शिक्षा विकास निर्देशनालय सुर्खेतका अनुसार परीक्षाको सम्पूर्ण तयारी पुरा भइसकेको छ। शिक्षा विकास निर्देशनालय सुर्खेतका निर्देशक दिपा हमालले एसईई परीक्षाको सम्पूर्ण तयारी पुरा भइसकेको जानकारी दिइन। परीक्षाको पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा हुनेछ।

यस दिन संस्कृत वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत र मदरासातर्फ अनिवार्य अरेविक भाषाको परीक्षा हुनेछ । दोस्रो दिन ८ चैतमा अनिवार्य नेपाली विषयको परीक्षा हुनेछ। यस दिन गैरनेपाली विद्यार्थीहरूका लागि अंग्रेजी (इलेक्टिभ इंग्लिस)को परीक्षा हुनेछ । १० चैतमा अनिवार्य गणित र १२ चैतमा विज्ञान विषयको परीक्षा हुने परीक्षा नियन्त्रण कार्यालयको तालिकामा उल्लेख छ।

यस वर्षको एसईई परीक्षामा कर्णाली प्रदेशबाट ३७ हजार नौ सय ११ विद्यार्थी सहभागी हुनेछन् । जसमा नियमिततर्फ ३१ हजार आठ सय चार, ग्रेडवृद्धितर्फ ६ हजार एक सय सात र प्राविधिकतर्फ एक हजार तीन सय ४२ विद्यार्थी छन् । शिक्षा विकास निर्देशनालयले उपलब्ध गराएको तथ्यांक अनुसार यस वर्ष कर्णालीमा एसईई दिने विद्यार्थीको संख्यामा वृद्धि भएको छ।

गत वर्ष कर्णालीबाट ३५ हजार आठ सय आठ विद्यार्थी एसईईमा सहभागी भएका थिए । यो वर्ष झण्डै दुई हजार विद्यार्थीको संख्यामा वृद्धि भएको देखिन्छ । गत वर्ष कुल विद्यार्थी संख्याको ५८ प्रतिशत विद्यार्थी माथिल्लो कक्षामा पढ्न नपाउने गरी ननग्रेडेड भएका थिए। एसईई परीक्षामा प्रदेशभर एक सय ८० परीक्षा केन्द्र तोकिएको शिक्षा विकास निर्देशनालयका निर्देशक दिपा हमालले बताइन् । जसमा प्राविधिक धारतर्फ १६ वटा परीक्षा केन्द्र तोकिएका छन् । कर्णालीमा यस वर्षको एसईई परीक्षा सञ्चालन गर्न १ करोड ३९ लाख ३० हजार पाँच सय रुपैयाँ खर्च हुनेछ।




### कुन जिल्लाबाट कति विद्यार्थी ?

कर्णालीका १० जिल्लामध्ये एसईईमा सबैभन्दा धेरै विद्यार्थी सुर्खेतबाट सहभागी हुँदै छन्। सुर्खेतबाट ९ हजार पाँच सय १३ विद्यार्थीले एसईई परीक्षा दिनेछन् । जसमा ३३ परीक्षा केन्द्रबाट सात हजार ५७ र ग्रेडवृद्धितर्फ दुई हजार चार सय ५६ विद्यार्थी छन् । सुर्खेतबाट यस वर्ष एक सय ३० विद्यार्थीले प्राविधिक एसईई दिनेछन् । यस्तै, रुकुम पश्चिममा १५ परीक्षा केन्द्रबाट तीन हजार ६ सय ६८ विद्यार्थी एसईई परीक्षामा सहभागी हुनेछन् । जसमा नियमिततर्फ तीन हजार चार सय ४४ र ग्रेडवृद्धितर्फ दुई सय २४ जना विद्यार्थी छन् ।

रुकुम पश्चिमबाट एक सय ६ जनाले प्राविधिकतर्फको परीक्षा दिनेछन् । सल्यानमा २३ परीक्षा केन्द्रबाट चार हजार दुई सय ६९ विद्यार्थी परीक्षामा सहभागी हुँदै छन् । नियमिततर्फ चार हजार ८५ र ग्रेडवृद्धितर्फ एक सय ८४ विद्यार्थी छन् । सल्यानमा दुई सय ७१ जनाले प्राविधिकतर्फको एईई परीक्षा दिनेछन्। हुम्लामा सातवटा परीक्षा केन्द्र तोकिएका छन् । हुम्लाबाट यस वर्ष एक हजार एक सय चार जनाले एसईई परीक्षा दिँदै छन् । जसमा नियमिततर्फ नौ सय ५० र ग्रेडवृद्धितर्फ एक सय ५४ विद्यार्थी छन् । आठवटा परीक्षा केन्द्र रहेको मुगुबाट नौ सय ४६ जना विद्यार्थी एसईईमा सहभागी हुँदै छन् । जसमा नियमिततर्फ ७८५ र ग्रेडवृद्धितर्फ एक सय ६१ छन्। मुगुबाट प्राविधिकतर्फ ५७ विद्यार्थीले परीक्षा दिनेछन् । डोल्पामा सात सय ७७ विद्यार्थी एसईईमा सहभागी हुँदै छन् । कुल चार परीक्षा केन्द्र रहेको डोल्पामा ७३३ नियमित र ४४ ग्रेडवृद्धिका विद्यार्थीले परीक्षा दिनेछन्। डोल्पाबाट एक सय ६५ विद्यार्थी प्राविधिकतर्फको परीक्षामा सहभागी हुनेछन् ।

त्यस्तै, २५ वटा परीक्षा केन्द्र रहेको कालीकोटबाट चार हजार ८९ विद्यार्थी एसईई परीक्षामा सहभागी हुनेछन् । जसमा तीन हजार एक सय ९६ नियमित र आठ सय ९३ जना ग्रेडवृद्धितर्फका छन् । कालीकोटबाट ७२ जनाले प्राविधिकधारतर्फको परीक्षा दिनेछन् । १६ वटा परीक्षा केन्द्र रहेको जुम्लाबाट दुई हजार ६ सय ८१ विद्यार्थी एसईई परीक्षामा सहभागी हुँदै छन्। नियमिततर्फ दुई हजार पाँच सय १५ विद्यार्थी रहँदा एक सय ६६ ग्रेडवृद्धिअन्तर्गतका विद्यार्थी छन् । जुम्लाबाट एक सय ४५ जनाले प्राविधिकतर्फको परीक्षा दिनेछन् । त्यस्तै, जाजरकोटबाट चार हजार ६ सय ६८ विद्यार्थीले २२ वटा परीक्षा केन्द्रबाट एसईई परीक्षा दिनेछन्। जसमा नियमिततर्फ चार हजार तीन सय ३९ र ग्रेडवृद्धितर्फ तीन सय २९ विद्यार्थी छन्। जाजरकोटबाट एक सय ११ जनाले प्राविधिकतर्फको परीक्षामा सहभागी हुनेछन्। यस वर्षको एसईईमा दैलेखबाट ६ हजार १ सय ९६ विद्यार्थी एसईई परीक्षा सहभागी हुँदै छन्। कुल २७ परीक्षा केन्द्रबाट नियमिततर्फ चार हजार सात सय र ग्रेडवृद्धितर्फ १ हजार ४९६ विद्यार्थीले परीक्षा दिनेछन्।

# कर्णालीका २६ क्याम्पसको निर्वाचनमा अखिल (क्रान्तिकारी) पहिलो

**युग संवाददाता**
**सुर्खेत, ६ चैत ।**

कर्णाली प्रदेशमा त्रिभुवन विश्वविद्यालयबाट सम्बधन पाएका ३३ वटा क्याम्पसमध्ये २६ वटाको स्ववियु निर्वाचनअन्तर्गत चुनाव सम्पन्न भएको छ।

कर्णाली प्रदेशका २६ क्याम्पसमध्ये नेकपा (माओवादी केन्द्र) निकट अखिल क्रान्तिकारीले सबैभन्दा धेरै जीत हात पारेको छ।

२६ क्याम्पसमध्ये अखिलले १२ मा जीतेको छ। अनेरास्ववियुले ८ क्याम्पसमा जीतेको छ। यस्तै, नेपाली कांग्रेस निकट नेविसंघले भने ६ स्थानमा जीतेको छ। अझै सात वटा क्याम्पसको निर्वाचन हुन बाँकी रहेको छ।

**क्रान्तिकारीले जितेका क्याम्पसहरु**

१) शीतल क्याम्पस चौरजहारी रुकुमपश्चिम- प्रकाश डाँगी
२) राडिज्युला शिक्षा क्याम्पस रुकुमपश्चिम - सुप्रिम वली
३) सानोभेरी शिक्षा क्याम्पस रुकुमपश्चिम - वीरभान भण्डारी
४) सिम्रुतु शिक्षा क्याम्पस रुकुमपश्चिम - दीपेन्द्र वली
५) सूर्योदय क्याम्पस श्रीनगर हुम्ला- रीमिलाल बुढा
६) बनगाड क्याम्पस सल्यान- जीवन विष्ट
७) लिकु संयुक्त क्याम्पस डोल्पा- राजेन्द्र गिरी
८) सिजा बहुमुखी क्याम्पस जुम्ला- सन्तोष आचार्य
९) स्यार्पु बहुमुखी क्याम्पस रुकुमपश्चिम - टेकराज विश्वकर्मा
१०) जनकल्याण क्याम्पस सल्यान - गणेश वली
११) जनचेतना बहुमुखी क्याम्पस कालिकोट- बसराज बोहरा
१२) फारुल्ला बहुमुखी क्याम्पस सल्यान- हिमा शर्मा

**अनेरास्ववियुले जितेका क्याम्पस**

१) शारदा क्याम्पस सल्यान - विश्व खडका
२) सल्यान बहुमुखी क्याम्पस सल्यान - विशाल पुन मगर
३) सिम्ता वहुमुखी क्याम्पस सुर्खेत - रुद्र रावत
४) हिमशिखर व क्याम्पस सुर्खेत - मिना रावत
५) अमरदीप क्याम्पस सुर्खेत - विशाल रावल
६) हिमज्योति व क्याम्पस हुम्ला - जयराज सञ्ज्यान
७) हिमज्योति बहुमुखी क्याम्पस हुम्ला– जयराज सञ्ज्याल
८) डोल्पो क्याम्पस डोल्पा– गोकर्ण बुढाथोकी

**नेविसंघले जितेका क्याम्पस**

१) कपुरकोट बहुमुखी क्याम्पस सल्यान- दीपेन्द्र बुढा मगर
२) शिवजन क्याम्पस- संजय हमाल
३) चनुदेव हिरा सुरेन्द्र पूर्ण क्याम्पस मुगु- धनचन्द्र कार्की
४) मानसरोवर बहुमुखी क्याम्पस हुम्ला- सागरकुमार शाही
५) कालागाड बहुमुखी क्याम्पस जाजरकोट- विशालविक्रम चुनारा
६) गुर्भाकोट बहुमुखी क्याम्पस सुर्खेत - मोहन विष्ट

## दार्मा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**फलाचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति:२०८१/१२/०७)**

दार्मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयवाट आ .व . २०८१/०८२ स्वीकृत कार्यक्रम बमोजिम २०८१/१०/२४ गते विद्युतिय बोलपत्र खरिद प्रणाली र जनसवाल राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहाय वमोजिमका निर्माण कार्य खरिदका लागि बोलपत्र आव्हानको सूचना बमोजिम तोकिएको म्यादभित्र दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरु खोलि मूल्याङकनका लागि मूल्याङकन समितिमा पेश भएकोमा बोलपत्र मूल्याङकन समितिको सिफारिसको आधारमा देहाय बमोजिमका बोलपत्रदाताको कूल कवोल अंक न्यूनतम मूल्याङकित सारभुतरुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र छनौट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ को बमोजिम सम्वन्धित सरोकारवालहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र . स . | ठेक्का नं . | कामको विवरण | ठेक्का कवोल गर्ने फर्मको नाम र ठेगाना | कूल कवोल अंक रु(मु .अ .क . र पि .एस . वाहेक) |
|---|---|---|---|---|
| 1 . | DRM/NCB/ W/R/03/2081/082 | Upgradin and construction of nalekhola-paiyadada-meltakuri-bistagaun road | Star Darma Malika Construction and Suppliers, Darma-03, Salyan | 14,95,687 .90 |

**प्रमुख प्रशासकीय अधिकृत**

# बजेट अभावले अस्पताल सञ्चालनमा ढिलाई

**युग संवाददाता**
**कैलाली, ६ चैत ।**

कैलारी गाउँपालिका-५ बैजपुरमा १५ शैया अस्पताल सञ्चालनमा आउन सकेको छैन । अस्पतालको सम्पूर्ण भौतिक संरचना निर्माणकार्य सम्पन्न भए पनि बजेट अभावमा सञ्चालनमा आउन नसकेको हो ।

वि.सं २०८१ असार मसान्तसम्म निर्माण सक्नेगरी २०७९ असार २९ मा रोयल कन्स्ट्रक्सन जेभीसँग रु १८ करोड ५२ लाखमा ठेक्का सम्झौता भएको थियो । तोकिएको समयसीमा सकिए पनि म्याद थप गरी चालु आवको फागुन पहिलो साता सो अस्पतालको भौतिक संरचनाको निर्माण सम्पन्न भएको गाउँपालिकाका सूचना अधिकारी यगम कलेलले बताए । उनले अस्पताल भवन निर्माण सम्पन्न भए पनि ठेकेदार कम्पनीलाई भुक्तानी दिन नसक्दा भवन हस्तान्तरण हुननसकेको र अस्पताल सञ्चालनका लागि अवश्यक बजेट नहुँदा जनशक्ति व्यवस्थापनलगायत काम अघि बढ्न नसकेको बताए ।

ठेकेदार कम्पनीलाई रु तीन करोड चार लाख दिन बाँकी रहेको गाउँपालिकाका स्वास्थ्य प्रमुख नरेश चौधरीले बताए । उनले अस्पताल चाँडै सञ्चालन गर्न ठेकेदार कम्पनीलाई दिनुपर्ने बाँकी रकम, उपकरण खरिद र जनशक्ति व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयमा पत्राचार गरी बजेट माग गरिएको बताए ।

उनले ठेकेदार कम्पनीलाई दिनुपर्ने बाँकी रकम भुक्तानी भएपछि भवन हस्तान्तरण भएर अस्पताल सञ्चालनको प्रक्रिया पालिकाले अगाडि बढाउने बताए । अस्पताल सञ्चालनका लागि बजेट अभाव भएकाले सङ्घीय सरकारले आवश्यक बजेट व्यवस्थापन गर्नुपर्नेमा प्रमुख चौधरीले जोड दिए ।

# नेपालगञ्ज-गुलरिया हुलाकी सडक ९५ प्रतिशत सम्पन्न

**युग संवाददाता**
**बर्दिया, ६ चैत ।**

राष्ट्रिय गौरवको हुलाकी राजमार्गअन्तर्गत नेपालगञ्ज-गुलरिया खण्डमा हालसम्म ९५ प्रतिशत निर्माण सम्पन्न भएको छ । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयका अनुसार नेपालगञ्जको नन्दनीमिल क्षेत्रबाट सुरु भएर बर्दियाको लालपुर चोकसम्म डबल अस्फाल्ट विधिबाट कालोपत्र सम्पन्न भएको हो ।



विसं २०७० माघ १५ गतेदेखि निर्माण सुरु गरिएको उक्त खण्डको गुलरिया नगरपालिका-११ लालपुर चोकसम्म कालोपत्र पूरा भएको आयोजना कार्यालयका इन्जिनियर युवराज तिमिल्सिनाले बताए । हाल करिब आठ मिटर मात्र कालोपत्र गर्न बाँकी रहेको भन्दै उनले पहिलो (सिङ्गल) कालोपत्रको काम दुई दिनभित्र सम्पन्न हुने जानकारी दिए ।

इन्जिनियर तिमिल्सिनाका अनुसार यही चैत २५ गतेभित्र सम्पूर्ण खण्डमा कालोपत्र सम्पन्न गर्ने योजना छ । निर्माण कम्पनीले रु दुई अर्ब ७८ करोड २९ लाखमा ठेक्का लिएको थियो । आयोजना कार्यालयका सूचना अधिकारी इन्जिनियर कृष्ण पाण्डेले आगामी मङ्सिर २७ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि कम्पनीले तीव्र गतिमा काम गरिरहेकाले निर्धारित समयभन्दा अघि काम सम्पन्न हुने सम्भावना देखिएको बताए ।

नेपालगञ्ज-गुलरिया हुलाकी सडकको कूल लम्बाइ २७ दशमलव छ किलोमिटर रहेको छ । जसमध्ये ११ दशमलव छ किमी चार लेनमा निर्माण गरिएको सूचना अधिकारी पाण्डेले जानकारी दिए । उनका अनुसार बाँकी १६ किमी खण्डको दुई लेनमध्ये करिब तीन किमी डबल कालोपत्र गर्न बाँकी छ ।

निर्माण कम्पनीले तीव्र गतिमा कार्य गरिरहेकाले सम्झौताअनुसार तोकिएको समयभन्दा अघि पूर्ण रूपमा कालोपत्र हुने उनले विश्वास व्यक्त गरे । सडक सम्पन्न भएसँगै नेपालगञ्ज-गुलरिया यात्रा छिटो, सहज र सुरक्षित हुने उनको भनाइ छ ।

# बाख्रा चराउँदै गर्दा लडेर मृत्यु



**युग संवाददाता**
**सुर्खेत, ६ चैत ।**

जाजरकोटको बारेकोट गाउँपालिका-३ पछ्याउरीका ५९ वर्षीय खडक डाँगीको बाख्रा चराउने क्रममा लडेर मृत्यु भएको छ । घर नजिकैको जङ्गलमा बाख्रा चराउने क्रममा मङ्गलबार उनी लडेर घाइते भएका थिए । घाइते डाँगीलाई उपचारका लागि आधार भूत अस्पताल लिम्सा ल्याउँदै गर्दा बिहिबार बिहान बाटोमै मृत्यु भएको बारेकोट गाउँपालिका-३ का वडाध्यक्ष रामबहादुर सिंहले जानकारी दिए ।

## विश्व...

विवाद वा जोखिम हुन सक्ने मानिएका विषयमा खुल्ला प्रतिस्पार्धाबाट छानिएका पदाधिकारीहरु पनि आफू मात्रै निर्णयको सारथि हुन चाहँदैनन् । प्रधानमन्त्री कुलपति हुँदाको अवस्थामा शिक्षा, अर्थ, स्वास्थ्यजस्ता सरोकार भएका मन्त्रालयका सचिव पदेन सिनेटर रहने र कतिपय अन्योल भएका विषयमा पदाधिकारी र कर्मचारीतन्त्रको माथिल्लो तहसँग सिधै संवाद हुने यो अवसरलाई विश्वविद्यालय र प्रतिष्ठानहरुले उपयोग गर्न सक्नुपर्छ । आर्थिक वर्ष लाग्नुपूर्व नै यस्ता विश्वविद्यालय र प्रतिपष्ठानका सभा बैठक सम्पन्न भएर आगामी आर्थिक वर्ष नीति कार्यक्रम र बजेट पारित गर्न कुलपतिको मार्गदर्शनले आगामी आर्थिक वर्षका यी संस्थाहरुमा संस्थागत विकास र सुशासनमा सकारात्मक प्रभाव पर्ने देखिएको छ ।

नयाँ स्थापना गरिएका मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, विदुषी योगमाया आयुर्वेदिक विश्वविद्यालय र नेपाल विश्वविद्यालयमा कुलपति/सहकुलपतिको व्यवस्था हटाएर बोर्ड अफ ट्रष्टीको संरचना राखिएको छ । प्रदेश विश्वविद्यालयका रुपमा गण्डकी विश्वविद्यालयले विज्ञलाई नै कुलपति राखेको छ । मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयमा अध्यक्ष डा राजेन्द्रध्वज जोशी र नेपाल विश्वविद्यालयमा सर्वोच्च निकाय संरक्षक परिषद्को कुलपति डा विन्दुनाथ लोहनी नियुक्त हुनुभएको छ ।

यसरी कुलपतिमा प्रधानमन्त्री नरही स्थापित संस्थाको विस्तृत लेखाजोखा गर्ने समय आइसकेको छैन । यस्ता विश्वविद्यालयमा पूर्वाधार विकास समितिका लागि लागेका थिए, तिनै उपकुलपति हुने प्रवृत्तिको अर्कै कथा छँदैछ । नेपाल प्रज्ञा प्रतिष्ठानसहित तीन प्रज्ञा प्रतिष्ठानमा पनि प्रधानमन्त्री प्रमुख संरक्षक रहेर साहित्यिक क्षेत्रका व्यक्ति नै कुलपति हुने प्रबन्ध हुँदै आएको छ । यी प्रतिष्ठानको समग्र हितका लागि प्रधानमन्त्री कुलपति हुँदा सिँधै सरकार प्रमुखसँग सम्पर्क हुन्थ्यो भने अहिले संस्कृति मन्त्रालयको शाखा महाशाखामा पुगेर बजेट र कार्यक्रमबारेको समन्वय गर्नुपर्दा पदाधिकारीलाई अहसहजता भइरहेको होला ?

उपकुलपति छनोटमा खुल्ला प्रतिस्पर्धा आफैमा राम्रो विधि हो तर प्रतिस्पर्धाका नाममा सिफारिस समितिले छनोटको कार्यविधि संशोधनकामा आफूखुसी मापदण्ड बनाउने, प्रस्तुति र अन्तर्वार्ताका क्रमपछि प्राप्ताङ्कहसति प्रतिवेदनका आधारमा सिफारिस गर्न नसक्ने समस्या पनि देखिएका छन् । खुला प्रतिस्पर्धामा पनि स्वाभिमानी मान्छेले आवेदन दिँदैन भन्ने सवाल पनि उत्तपन्न भएको छ । काठमाडौँ विश्वविद्यालय हालैको एक ज्वलन्त उदाहरण हो । लामो समयसम्म उपकुलपति सिफारिस हुन नसकी सर्च कमिटीभित्रका विवाद छताछुल्ल भए । यस्तोमा कुलपतिले विवेकसम्मत हस्तक्षेप गर्नुपर्छ भन्ने आवाज उठेको थियो । तर कुलपतिले सकेसम्म छनोट समितिभित्रै र विधिसम्म प्रक्रियाबाट टुङ्गो लगाउन पहल गर्नुभयो । निकास ननिस्किए पुनः सिनेट राखेर भए पनि उपकुलपति पदपूर्ति छिटो गराउने उहाँको तयारी थियो । त्यही बीचमा छनोट समिति र सदस्यद्वयका फरक फरक सिफारिसमा परेका तीनमध्येबाट उक्त विश्वविद्यालयका उपकुलपति नियुक्ति भएको छ । यसरी कुलपतिका हैसियतले प्रधानमन्त्रीले निकास निकास दिँदा हस्तक्षेप भएको मान्ने कि नमान्ने ?

काठमाडौँ विश्वविद्यालय र धुलिखेल अस्पतालबीचको लामो विवाद कुलपतिकै पहलबाट समझदारीमा समाधान भएको विषयलाई पनि हस्तक्षेप मान्ने ? निजी मेडिकल कलेजले पोष्टग्राजुएट विद्यार्थीका लागि निर्वाह भत्ता बढाउन सहमत नभएको र विद्यार्थीहरु आन्दोलनमा उत्रिएको अवस्थामा अध्यक्षका हैसियले प्रधानमन्त्री ओलीले पटक पटक चिकित्सा शिक्षा आयोगको बैठक डाक्नु तथा शिक्षा र स्वाथ्यमन्त्री तथा सरोकार भएका पक्षसँग कैयौ पटक अनौपचारिक छलफल गर्नु सकारात्मक र आवश्यक हस्तक्षेप हो ।

विकसित मुलुकका कुलपतिले विश्वविद्यालयमा उपकुलपतिका नियुक्ति गर्नु भनेको 'मैले छानेको मान्छेले गडबडी गरेमा म जिम्मेवारी लिन्छु' भन्ने अर्थ हेरिन्छ । नेपालजस्ता अस्थिर राजनीति भएका मुलुकमा सरकार परिवर्तन भइरहने हुँदा कसको जिम्मा कस्ले लिने भन्ने प्रश्न खडा हुन्छ ।

निश्चय पनि प्राज्ञिक निकायहरु स्वायत्त र स्वतन्त्र रहन्छन् तर संविधानले प्रबन्ध गरेको बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थामा राज्यका कुनै पनि संस्था राजनीतिबाट निरपेक्ष नै रहन्छन् भनिनु निर्दलीय सोच हो । त्यही संविधानले त्यसो शक्ति पृथकीकरणको सिद्धान्त र राज्यका निर्देशक सिद्धान्तहरुको पनि समुचित व्यवस्था गरेकै छ । राजनीति आफैमा सुधारका लागि, नीतिगत नेतृत्वका लागि हो, राजनीतिले सबै बिगारेको छ भन्ने हौवा पिटाएर निर्दलीयतालाई प्रोत्साहन गर्न सकिँदैन । यदि कुनै नेता, मन्त्री वा पदाधिकारीले संविधान र कानुन वा अख्तियारको दुरुपयोग गरेका छन् भने त्यसको पनि छानिबन गर्ने निकाय छँदैछन् । इतिहास र प्राज्ञिक जगतले पनि समयमो मूल्याङ्कन गरिरहेकै हुन्छ । राजनीतिले ती संस्थालाई नकारात्मक प्रभाव पार्न हुन्न भन्नेमा त कसैको बिमति हुँदैन नै तर समग्र कामको मूल्याङ्कन नगरी मन नपरेका बेलामा वा आलोचना गर्नुपर्ने भएका कुनै पदाधिकारी दलीय मान्छे वा अमुक नेताका आफ्नो मान्छे भन्ने प्रचलन सर्वथा गलत छ ।

प्राज्ञिक संस्थामा योग्यताका स्वतन्त्र मूल्याङ्कन गर्ने निष्पक्ष र विश्वसनीय सिफारिस समिति चाहिन्छ । त्यो समिति नै निष्पक्ष हुन नसकेमा विकल्पमा जानु कुलपतिको दायित्व हुन आउँछ । कुरा यत्ति हो, कुलपतिका त्यस्ता प्रयास नियन्त्रण कि सहयोगमुखी हुनुपर्छ । वर्तमान कुलपति एवं प्रधानमन्त्री ओलीका पहल तिनै सहयोगभाव र निकासमुखी छन् । उहाँका समग्र अग्रसरता 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने दिशामा अग्रसर हुन आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनमा विश्वविद्यालयहरु सक्षम हुन् भन्ने भावनाबाट निर्देशित छन् । ती भावना हुँदैनथे भने कुलपति ओलीले राजनीतिकलगायत राज्यसञ्चालनका अन्य महत्वपूर्ण कामबाट समय निकालेर विश्वविद्यालय र प्रतिष्ठानहरुलाई समय दिनुहुँदैन थियो । यसबाट देशको शैक्षिक उन्नयन उहाँको अभीष्ट हो भन्न सकिन्छ ।
















**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।